महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## भूमे गाउँपालिका, रुकुमकोट
## ८०५५३५०२३००
## भूमे गाउँपालिका , रुकुम पूर्वि भाग


https://nams.oag.gov.np

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-२३

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
भूमे गाउँपालिका, रुकुमकोट ,
भूमे गाउँपालिका , रुकुम पूर्वि भाग

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।०८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।७।१ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

बैभवदीप श्रेष्ठ
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, रुकुम पूर्व, rukumeast.dtco@fcgo.gov.np


https://nams.oag.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४६ सभा सदस्य, २७३.६७ वर्ग किलोमिटर क्षेत्रफल तथा १९८२९ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।११ देखि २०८०।५।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्यय समेत जम्मा रु. १ अर्ब २४ करोड ७६ लाख ५१ हजार ५९९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६,०४,५०८। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा रिफण्ड | ४५२८४२।७१ |
| २ | राजश्व असुली दाखिला | १५१६६५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

यस पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट सिर्जित वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) को स्थिति निम्न बमोजिम रहेको छ ।

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ५७, ५४ , ४९ , ६५२.०० | ४५, ७६ , ७६ , २९६.१७ | | ४५, ७६ , ७६ , २९६.१७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५६, १२ , ०३ , ४५२.०० | ४५, ०३ , ५७ , १५१.६७ | ० | ४५, ०३ , ५७ , १५१.६७ |
| ११००० कर | १०, २४ , ३४ , ३००.०० | ८, १६ , २४ , ७०९.७७ | ० | ८, १६ , २४ , ७०९.७७ |
| १३००० अनुदान | ४१, ६३ , ६० , ०००.०० | ३६, ४४ , ०३ , ७७३.१२ | ० | ३६, ४४ , ०३ , ७७३.१२ |
| संघीय सरकार | ३७, ७१ , ८६ , ०००.०० | ३३, ५६ , ३१ , ०२६.१० | ० | ३३, ५६ , ३१ , ०२६.१० |
| प्रदेश सरकार | ३, ९१ , ७४ , ०००.०० | २, ८७ , ७२ , ७४७.०२ | ० | २, ८७ , ७२ , ७४७.०२ |
| जनसहभागिता | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | ५१, ०९ , ४२०.०० | ३५, ७२ , ५३८.११ | ० | ३५, ७२ , ५३८.११ |
| १५००० विविध प्राप्ति | ७, १६ , ०३४.०० | ७, ५६ , १३०.६७ | ० | ७, ५६ , १३०.६७ |
| ३२००० वित्तीय सम्पत्ति | ३, ६५ , ८३ , ६९८.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | १, ४२ , ४६ , २००.०० | ७३, १९ , १४४.५० | | ७३, १९ , १४४.५० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | १, ४२ , ४६ , २००.०० | १०, ६५ , ४०३.५० | ० | १०, ६५ , ४०३.५० |
| धरौटी | ० | ६२, ५३ , ७४१.०० | ० | ६२, ५३ , ७४१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५७, ५४ , ४९ , ६५२.०० | ४६, ८६ , ४८ , ९१९.६७ | | ४६, ८६ , ४८ , ९१९.६७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५६, १२ , ०३ , ४५२.०० | ४५, ५६ , ५१ , ८६७.६४ | | ४५, ५६ , ५१ , ८६७.६४ |
| २१००० पारिश्रमिक / सुविधा | ५, ०८ , २६ , ८००.०० | ४, ६० , ५० , ३१४.५७ | ० | ४, ६० , ५० , ३१४.५७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १३, ३२ , ६७ , ५८०.०० | ९, ७० , ८५ , २६३.२९ | ० | ९, ७० , ८५ , २६३.२९ |
| २६००० अनुदान | १५, ०४ , ४२ , ०००.०० | १३, ७६ , ९५ , ०२१.३८ | ० | १३, ७६ , ९५ , ०२१.३८ |
| २७००० सामाजिक सुरक्षा | ५९, ८९ , ०००.०० | ३९, ८४ , ०१३.०० | ० | ३९, ८४ , ०१३.०० |
| २८००० अन्य खर्च | १४, १४ , ०००.०० | १२, ७२ , ५४०.०० | ० | १२, ७२ , ५४०.०० |

| | | | | |
|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २१, ९२ , ६४ , ०७२.०० | १६, ९५ , ६४ , ७१५.४० | ० | १६, ९५ , ६४ , ७१५.४० |
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | १, ४२ , ४६ , २००.०० | १, २९ , ९७ , ०५२.०३ | | १, २९ , ९७ , ०५२.०३ |
| कोषहरु | १, ४२ , ४६ , २००.०० | ७९, ९७ , ६५८.०० | ० | ७९, ९७ , ६५८.०० |
| धरौटी | ० | ४९, ९९ , ६९४.०३ | ० | ४९, ९९ , ६९४.०३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -३००. | | -३००. |
| ङ. यो वर्षको बचत (न्युन) | | (१ , ०९ , ७२ , ६२३.५०) | | (१ , ०९ , ७२ , ६२३.५०) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५, ७४ , ९२ , ९०९.६६ | | ५, ७४ , ९२ , ९०९.६६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ४, ६५ , २० , २८६.१६ | | ४, ६५ , २० , २८६.१६ |
| | | | | |
| बैंक तथा नगद बाकी | | ४, ५५ , ०९ , ०३२.१६ | | ४, ५५ , ०९ , ०३२.१६ |

**वित्तीय विवरणको परीक्षण :** स्थानीय सरकार सन्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको ढाँचामा पूर्ण रुपमा प्रतिवेदन तयारी तथा लेखांकन गरेको पाईएन ।

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८९१४८१७८।, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२५१२८९१९।८९,गरिबसँग बिश्वेश्वर कार्यक्रमको रु.४६३०००। र भाषा संस्कृति कार्यक्रमको रु.५४००००। गरी रु,११,५२,८०,०९७।९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **गत बर्षको मौज्दात**

यस पालिकाको गत बर्षको लेखापरीक्षण प्रतिवेदन तथा कार्यालयबाट लेखापरीक्षणमा पेश भएको एकीकृत आर्थिक विवरणमा गत बर्षको अन्त्यमा रु.४,९६,९९,६१६।६६ बैंक मौज्दात रहेको उल्लेख भएको छ । स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट सिर्जित वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) मा गत बर्षको जिम्मेवारी रु.५,७४,९२,९०९।६६ अल्या गरिएको छ । जसले गर्दा गत बर्षको

लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा सुत्रमा रु.७७,९३,२९३। बढी जिम्मेवारी सारिएको छ । कार्यालयले गत आर्थिक बर्षको यथार्थ बैंक मौज्दात यकिन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ७७९३२९३। , यस वर्षको प्राप्ति रु. १६३७९३८५७।२७ ,यस वर्षको भुक्तानी रु. १५७२७२१७२।२७ र बैङ्क मौज्दात रु. १०११२५४। फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ५७४९२९०९।६६ | ४५७६७६२९६।१७ | ४६८६४८९१९।६७ | ४६५२०२८६।१६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४९६९९६१६।६६ | ६२१४७०१५३।४४ | ६२५९२१०९१।९४ | ४५५०९०३२।१६ |
| फरक | ७७९३२९३ | १६३७९३८५७।२७ | १५७२७२१७२।२७ | १०११२५४ |

सैद्धान्तिक बेरुजु

६ **आन्तरिक नियन्त्रण एवं वित्तीय उत्तरदायित्व र जवाफदेहिता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् :-

- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वियन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको

पाईएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत संभार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ बमोजिम निजामती कर्मचारीहरुको प्रत्येक वर्ष तलवी प्रतिवेदन पारित गराई तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयको आर्थिक वर्ष २०७७।०७८ को तलवी प्रतिवेदन नगरी तलब खर्च लेखेको छ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२) बमोजिम पालिकाको उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान गरी सो निराकरणको लागि उपयुक्त उपायहरु व्यवस्थित गरेको पाइएन ।
- भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अभिलेख राख्ने र भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन ।
- कार्यालयले गत विगतको बेरुजु र संपरीक्षणको अभिलेख राख्ने गरेको छैन ।
- वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण गरेको छैन ।
- कोषहरु कार्यान्वियन गर्न कार्यविधि कानून बनाउनु पर्नेमा बनाएको पाइएन ।
- आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन ।
- राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वियनमा ल्याएको छैन।
- दफा ४ बमोजिम सबै श्रोतबाट भएको प्राप्ति र खर्चको विवरण प्रदेश लेखा नियन्त्रक तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको छैन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ क
- अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- ईन्धन खर्चको लगबुक एवं कोटा निर्धारण गरी नियन्त्रण नगरेको ।
- सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने गरेको छैन ।
- खर्चका विलभरपाईहरुको तेरिज बनाइ गोश्वारा भौचरसाथ राख्ने नगरेको।
- बजेट सीमा निर्धारण समिति गठन नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गरी सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **मध्यमकालिन खर्च संरचना**

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। सो अनुसार पालिकाले उक्त योजना तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा सो गरेको पाइएन।

सैद्धान्तिक बेरुजु

११ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा अध्यक्षबाट २०७९।३।१० गते रु. ५६ करोड ९ लाख ६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **खर्च विश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.५७६८७३९/- राजस्व बाँडफाँड र अनुदानबाट रु.४८५७१४६३९/- समेत रु.४९१४८३३७८/- आम्दानी भएकोमा चालु तर्फ रु.२८६०८७१५२/- र पूँजिगत तर्फ रु.१६९५६४७१५/- समेत रु.४५५६५१८६७/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२७ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.८७२४०००/- खर्च भएको छ जुन आन्तरिक आयको १५१.२३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान, राजस्व बाँडफाँडको रकम, आन्तरिक श्रोतको रकम र गत आर्थिक वर्षको मौज्दात रकम समेतबाट ५४.१८ प्रतिशत चालु र ३२.११ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट (रु. हजारमा) | खर्च रकम (रु. हजारमा) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३८९७७ | २३६२४ | ५।१८ |
| सामाजिक क्षेत्र | ३३७०१२ | २८६३४० | ६२।८४ |
| पूर्वाधार विकास क्षेत्र | ९४२४५ | ७४९०७ | १६।४४ |
| सुशासन र अन्तरसम्बन्धीत क्षेत्र | २२०११ | १२१२८ | २।६६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ६५३५६ | ५६११६ | १२।३२ |
| वातावरण तथा विकास | ३३०५ | २३६ | ०।०५ |
| जम्मा | ५६०९०६ | ४५५६५१ | १०० |

उपरोक्त तालिका बमोजिम वातावरण तथा विकास क्षेत्रमा सबै भन्दा कम ०.०५ प्रतिशत र सामाजिक विकासमा सबैभन्दा बढी ६२.८४ प्रतिशत खर्च भएको छ ।

सैद्धान्तिक बेरुजु

१४ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजीगत खर्च तर्फ | १६९५६५ | २४७७ | २०४९४ | ४६४२७ | १००१६७ | ५७३८२ |
| खर्च प्रतिशत | १०० | १।४६ | १२।०९ | २७।३८ | ५९।०७ | ३३।८४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१६ करोड ९५ लाख ६५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २४ लाख ७७ हजार (१.४६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २ करोड ४ लाख ९४ हजार (२७.३८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ४ करोड ६४ लाख २७ हजार (२७.३८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १० करोड १ लाख ६७ हजार (५९.०७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५ करोड ७३ लाख ८२ हजार (३३.८४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### १५ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका निम्नानुसार अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धीत संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देहाय अनुसार अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गरेको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रु.४११२६२२६।८८ कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइ कार्यालयमा फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी मध्ये संचितकोष फिर्ता | फिर्ता मिति | फिर्ता गर्न वाँकी रकम |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २३७७६६००० | २१२८३८१६०।१० | २६५५२८३९।९० | २०८०।३।३० | - |
| | विशेष | १०००००००० | ८३२९५३२ | १६७०४६८ | | - |
| | समपुरक | ५०००००० | २४९८३३४ | २५०१६६६ | | |
| प्रदेश सरकार | शसर्त | ८०००००० | ४८७०३०३।३२ | ३१२९६९६।६८ | २०८०।३।३० | - |
| | विशेष | ९५००००० | ८३४३८२६ | ११५६१७४ | | - |
| | समपुरक | १५०००००० | ८८८४६१७।७० | ६११५३८२।३० | | - |
| | जम्मा | २८५२६६००० | २४५७६४७७३।१२ | ४११२६२२६।८८ | | - |

सैद्धान्तिक बेरुजु

### १६ महोत्सव तथा अन्य खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायको महोत्सव तथा कार्यक्रमका लागि रु.२१९०७९१/- खर्च गरेको छ । यस किसिमको खर्च गर्दा पालिकाले मितव्ययी तवरले गर्नुपर्दछ ।

| महोत्सवको नाम | महोत्सव भएको मिति | रकम |
|---|---|---|
| भूमे महोत्सव तथा सास्कृतिक प्रतियोगिता सञ्चालन | २०८०।०३।०२ देखि २०८०।०३।०५ सम्म | रु. १४,०४,२३० |
| गुरिल्ला म्याराथन | २०८०।०३।०२ | रु. ५,९०,७९१ |
| टुडिखेलमा भूमे नचारु नाच प्रदर्शन | २०७९।०९।२८ देखि २०७९।१०।०३ सम्म | रु. १,९५,७७० |
| जम्मा | | २१९०७९१ |

सैद्धान्तिक बेरुजु

१७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले औषधी उपचारका लागि रु.१०७५००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **गाउँसभाको निर्णय भन्दा फरक कार्यविधि**

गाउँसभाको बैठक नं ४ मिति २०७९।०३।३१ को निर्णय नं. ७ मा उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वियन गर्दा न्यूनतम २० प्रतिशत जनसहभागिता सुनिश्चित गर्ने उल्लेख छ। उक्त निर्णय विपरित गाउँ कार्यपालिकाको मिति २०७९।०४।३१ को निर्णयबाट उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण गराउने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्दा अनूसुची ४ मा विभिन्न ८ प्रकृतिका आयोजनाका लागि न्यूनतम ५ प्रतिशत देखि २० प्रतिशत लागत सहभागिता रहने गरी फरक फरक दरमा कार्य गराउने गरी कार्यविधि स्वीकृत गरी यस वर्ष २९४ योजना कार्यान्वियन गरेको छ ।गाउँ सभाको निर्णय विपरित कार्यपालिकाबाट कार्यविधि स्वीकृत गराएको कारण गाउँपालिकाबाट सञ्चालित योजनामा न्यून लागत सहभागिता भएको कारण सभाको निर्णय पालना नभएको तथा गाउँपालिकालाई स्रोत व्यवस्थापनमा चाप पर्न गएको देखिन्छ। गाँउसभाले गरेको निर्णय कार्यान्वियन गरी लागत सहभागितको सुनिश्चितता गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार २९४ योजना कुल २१ करोड ९२ लाख १७ हजार लागतका योजनामा वजेट विनियोजन गरेको छ।

| रु. १ लाख सम्म | | रु. १ लाख देखि २ लाखसम्म | | रु. २ लाखदेखि ५ लाखसम्मका | | रु. ५ लाख देखि १० लाखसम्मका | | रु. १० लाखभन्दा बढीको | | जम्मा योजना | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| ४४ | ३७४६ | ६५ | ११४७२.६ | ८८ | ३२३२३.५ | ५३ | ४२१२३.६१ | ४४ | १२९५५१.९७ | २९४ | २१९२१७.६८ |

उपर्युक्त विवरणअनुसार पालिकाले रु. १ लाख सम्मका ४४ योजना ,१ लाख देखि २ लाख सम्म ८८ योजना, रु. ५ लाख देखि १० लाखसम्मका योजना ५३ योजना रहेका र १० लाख भन्दा बढीका जम्मा ४४ योजना कार्यान्वियन गरेको देखियो । पालिकाले अधिकांश योजना साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **शुन्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले कार्य दक्षता एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाले यो वर्ष पूँजीगत तर्फ रु. २१ करोड ९२ लाख ६४ हजार विनियोजन गरेकोमा रु. १६ करोड ९५ लाख ६५ हजार अर्थात ७७.३३ प्रतिशत खर्च गरेको देखियो ।स्वीकृत कार्यक्रममध्ये संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त विनियोजित विभिन्न कार्यक्रमहरु पूर्ण रुपले कार्यान्वियन हुन नसकी बजेट फ्रिज भएको छ । अनुसूचिमा उल्लेख भए बमोजिम विभिन्न योजना तथा कार्यक्रमहरुमा शून्य प्रगति रहेको छ । कार्यालयले कार्य योजना तयार गरी बजेटको प्रभावकारी कार्यान्वियनमा जोड दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **तलबी प्रतिवेदन**

कर्मचारीको तलब भत्ता खर्च लेख्दा अनिवार्य रुपमा आर्थिक वर्षको शुरुमै तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ । यस पालिकाका स्थायी कर्मचारी सहायक चौथो सुरेश कुमार शाहीको आर्थिक वर्ष २०७९।८० को तलबी प्रतिबेदन पारित नगराई बर्षभरीको रु. ६५०५९८ तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी लेखेको तलब भत्ता र ग्रेडको वास्तविक रकम यकिन नहुने हुँदा तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आफ्नो आय ब्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने ब्यवस्था रहेको छ । साथै उक्त नियमको दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराउनुपर्ने ब्यवस्था छ ।पालिकाले आन्तरिक लेखापरीक्षणका दौरान उठान गरेको कैफियतलाई अन्तिम लेखापरीक्षण गर्ने समयसम्म पनि कुनै कारवाही गरेको पाइएन।आन्तरिक लेखापरीक्षणका क्रममा उठान भएका कैफियत निम्नानुसार रहेका छन्।

| | | |
|---|---|---|
| | भूमे गाउँपालिका (चालु), ८०५५३५०२००१ | |
| १ | कार्यालयले गो.भौ.न./मिति - १८ /२०७९।०९।०५ बाट मारिङ एकिकृत अनुसन्धान केन्द्रको लागि रु १,४७,३५२ को फर्निचर खरिद गरिएको छ । जसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| १.१ | बढि भुक्तानी :-आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टि गर्ने बिल भरपाई र अन्य कागजातहरुको आधारमा खर्च गरी लेखा राख्नुपर्ने व्यवस्था छ । फर्निचर खरिदमा ढुवानी सहित रु १,४६,३१२ खर्च भएको मा भुक्तानी रु १,४७,३५२ भएकोले बढि भुक्तानी असुल गर्नु पर्ने रु १०४० | १०४० |
| १.२ | कर कट्टी : आयकर ऐन ,२०५८ को दफा ८८ र ८९ मा व्यवस्था भए अनुसारको बस्तु तथा सेवामा ऐनमा तोकिएबमोजिमको कर कट्टि गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले सो विपरित कट्टा गर्नु पर्ने कर कट्टा नगरि भुक्तानी दिएकोले तपशिलको करहरु असुल गरि राजस्व दाखिला गर्नुपर्ने रु<br><table><tr><td>करको प्रकार</td><td>करको दर</td><td>कर योग्य रकम</td><td>कर</td></tr><tr><td>अग्रिम आयकर</td><td>१.५%</td><td>१,२२,४००</td><td>१,८३६</td></tr><tr><td>बहाल कर</td><td>१०%</td><td>८,०००</td><td>८००</td></tr><tr><td colspan="2">जम्मा</td><td></td><td>२,६३६</td></tr></table> | २,६३६ |
| २ | बालबालिकालाई पोषाक खरिद कार्यक्रम :-<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ ।कार्यालयले भूमे गाउँपालिका शिक्षा शाखाको IEMIS २०७९ अन्तर्गत श्री छेलो फाल्ने आवी गुनाममा ६८ जना विद्यार्थी भर्ना भएको देखिएकोमा ६९ जना विद्यार्थीलाई पोषाक वितरण गरेको भर्पाई पेश गरी बढि भुक्तानी लगेकोले सम्बन्धित विद्यालयबाट पोशाक बापतको मूल्य रु.११३०/- असुल गर्नुपर्ने देखिएको रु | १,१३० |
| ३ | बढि भुक्तानी:-<br>गो.भौ.नं./मिति -४७/२०७९।१२।१४ बाट आरण सामाग्री खरिद वापतको रकम रु २,२०,००० भुक्तानी गरिएको छ । प्रतीक्षा आई.सि.ईबहुसेवा कम्पनीले पेश गरेको बिजक अनुसार रु २,१९,०००भुक्तानी हुनुपर्नेमा रु २,२०,००० भएकोले बढि भुक्तानी असुल गर्नुपर्ने रु १,००० | १,००० |
| ४ | बहाल कर:-<br>आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम रुपमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं./मिति – १००/२०८०।१।२० विजय ओलीलाई बाख्रा पालन फर्म सुदृढिकरण अन्तर्गत रु ९,००० को सामाग्री ढुवानीमा कर कट्टि गर्न छुटेको १०% बहाल कर रु ९०० सम्बन्धित व्यक्तिबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ९०० |
| ५ | भुक्तानीमा कर:- आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विपद व्यवस्थापन सामग्री खरिदमा निम्नानुसारका करहरु कट्टि नगरी भुक्तानी गरेको नियमसम्मत नभएकोले कर कट्टि गरी दाखिला दाखिला गर्नुपर्ने रु<br><table><tr><td>क्र.स.</td><td>करको प्रकार</td><td>करको दर</td><td>कर रकम</td></tr><tr><td>१</td><td>अग्रिम आयकर</td><td>१.५%</td><td>५५२</td></tr><tr><td>२</td><td>बहाल कर</td><td>१०%</td><td>५००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>१,०५२</td></tr></table> | १,०५२ |
| ६ | बहाल कर:- आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम रुपमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं./मिति – १५९/२०८०।३।२२ त्रिवेणी कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्टेसन कम्पनी प्राली लाई रु ५,००० को सामग्रि ढुवानीमा कर कट्टि गर्न छुटेको १०% बहाल कर रु ५०० सम्बन्धित व्यक्तिबाट असुल गरी दाखिला गर्नुपर्ने | ५०० |

| | | |
|---|---|---|
| | भूमे गाउँपालिका (पूँजिगत) ,८०५५३५०२००१ | |
| ७ | बहाल कर:- आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम रुपमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं./मिति – १३०/२०८०।३।१९ एड्पो लुकुम तल्लो उपभोक्ता समितिलाई दलित वस्ती ढल तथा सिँढि निर्माणको लागि रु ९६,००० को सामग्रि ढुवानीमा कर कट्टि गर्न छुटेको १०% बहाल कर रु ९६०० सम्बन्धित उपभोक्ताबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ९,६०० |
| ८ | बहाल कर:- आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम रुपमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । महत उपभोक्ता समितिले खानेपानी मर्मत तथा पाइप खरिद कार्यको लागि रु१४,००० को सामग्रि ढुवानीमा कर कट्टि गर्न छुटेको १०% ले हुन आउने बहाल कर रु १,४०० सम्बन्धित उपभोक्ताबाट असुल गरी दाखिला गर्नुपर्ने रु | १,४०० |
| | संघिय सरकारबाट हस्तान्तरीत(पूँजिगत), ८०५५३५०२५०१ | |
| ९ | बढि परिमाण भुक्तानी:- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(ख) मा बिल विजको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापि किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ । कार्यालयले गो.भौ.नं./मिति – १४/२०७९।१०।१३ बाट झुम्लाबाङ विद्यालय फिल्ड निर्माण खर्च वापत रु ३,१८,७७२ जक्सन निर्माण सेवा एण्ड सप्लायर्स लाई भुक्तानी गरिएको छ । लागत अनुमान अनुसार लागत परिमाण २०४४।२ घ मि र दर रु १३८ को तयार भएको छ । कार्य सम्पादन प्रतिवेदन अनुसार वास्तविक परिमाण २०२१।१८ घ मि मुल्याङ्कन भएको छ । सोहि अनुसार वास्तविक परिमाणको रकमको मुल्य अभिवृद्धि कर सहित रु ३,१५,१८२।८ भुक्तानी हुनुपर्नेमा रु ३,१८,७७२ भएकोले बढि भुक्तानी रु ३५९० जक्सन निर्माण सेवा एण्ड सप्लायर्सबाट असुल गर्नुपर्ने रु | ३,५९० |
| | प्रशासन योजना तथा अनुगमन शाखा (चालू) -८०५५३५०२१०६ | |
| १० | गो.भौ.नं./मिति – ७४/२०७९।०९।२१ बाट कार्यालय सामाग्रि खरिद खर्च रकम रु ३७,४०० आथित्य इलेक्ट्रो हवलाई भुक्तानी गरिएको छ । पेश भएका कागजात अनुसार कार्यालय प्रमुखले रु ३५,४०० को कार्यालय सामाग्री खरिद गर्न आदेश दिएकोमा आदेश विपरीत रु ३७,४०० को सामाग्री खरिद गरिएको बिल पेश गरी भुक्तानी लगेकोले बढि भुक्तानी असुल गर्नुपर्ने रु २,००० | २,००० |
| ११ | गो.भौ.नं -२७ बाट मारिङ बहुउद्धेश्य सहकारी संस्था लिमिटेडलाई जैविक विषादि ल्याब निर्माण वापत रु ५,००,००० भुक्तानी गरिएको छ । जसमा देखिएको व्यहोरा निम्नानुसार छः | |
| ११.१ | बहाल कर :- आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम रुपमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । मारिङ बहुउद्धेश्य सहकारी संस्थाले जैविक विषादी ल्याव निर्माण को लागि रु ८०,००० को सामाग्री ढुवानीमा कर कट्टि गर्न छुटेको १०% बहाल कर रु ८००० सम्बन्धित व्यक्तिबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ८,००० |
| | भूमे गा.पा. विविध कोष खाता(चालू) ८०५५३५०२३००६११२ | |
| १२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई प्रमाण र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरेर मात्र खर्च लेख्नु पर्ने उल्लेख छ । कार्यालयले गो.भौ.नं/मिति -९/२०७९।०७।०१ बाट सो नियमावली विपरीत ब्याटमिन्टन कोर्ट निर्माण वापत भनि रु ५१,००० भुक्तानी गर्दा बिल भरपाई संलग्न गरेको नदेखिएकोले बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गरिने रु. | |
| | प्रशासन योजना तथा अनुगमन शाखा (चालु) ८०५५३५०२१०६ | |
| १३ | सार्वजनिक सम्पतिको मर्मत सम्भार :-<br>गो.भौ.नं./मिति – २९/२०७९।०६।१२ बाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ बमोजिम कार्यालयले सार्वजनिक खरिद गर्दा अधिकार प्राप्त अधिकारीले खरिद आदेश प्रमाणित गरेको आधारमा मात्र खरिद गर्न आदेश दिनुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ को उपदफा १ मा कुनै पनि सरकारी कार्यालयमा मालसामान प्राप्त भएपछि जिम्मेवार व्यक्तिले सो प्राप्त भएको ७ दिन भित्र जिन्सि दाखिला गरी श्रेस्ता खडा गर्नेपर्ने व्यवस्था छ । तर कार्यालयले सो ऐन नियम विपरीत सार्वजनिक सम्पति मर्मतको लागि सिधै खरिद गरिएका मालसामानहरुको खरिद आदेश र दाखिला प्रतिवेदन विना भूक्तानी गरेको नियम सम्मत मान्न नसकिने भएकोले खरिद आदेश र दखिला प्रतिवेदन प्रमाणित गरी नियमित गर्नुपर्ने रु | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,७४८ |

२३ **पेश्की बाँकीः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न निर्माण व्यवसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.६९९२६५९।३२ बाँकी रहेको पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्दछ ।

| सि.नं | ठेकेदार | | | | |
|---|---|---|---|---|---|
| १ | ०७/२४/२०७९ | कुचिबाङ सिमखोला लाबाङ सडक | सन्तोष निर्माण सेवा | | २,१८,७८२.२२ |
| २ | ०८/२१/२०७९ | कुचिबाङ सिमखोला लाबाङ सडक | सन्तोष निर्माण सेवा | | २,१८,७८२.२२ |
| ३ | ०९/०५/२०७९ | धर्मशाला-खुङ-मालुवा- खाल सडक निर्माण (समपूरक) | प्रभात निर्माण सेवा प्रा.लि. | | २,६९,०५८.४० |
| ४ | १०/०४/२०७९ | धर्मशाला-खुङ-मालुवा- खाल सडक निर्माण (समपूरक) | प्रभात निर्माण सेवा प्रा.लि. | | २,००,०००.०० |
| ५ | ०२/१६/२०८० | वडा नं. १ कार्यालय भवन निर्माण | शुभम – भट्टराई जे.भि. | | २३,०४,०००.०० |
| ६ | ०२/२८/२०८० | वडा नं. १ कार्यालय भवन निर्माण | शुभम – भट्टराई जे.भि. | | २३,०४,०००.०० |
| | संस्थागत | | | | |
| ७ | ०१/१३/२०८० | मारिङमा विद्युत विस्तार | नेपाल विद्युत प्राधिकरण रुकुम पूर्व वितरण केन्द्र रुकुमकोट | | ४,९९,५९१.०० |
| ८ | ०१/१३/२०८० | मारिङमा विद्युत विस्तार कार्यक्रम | नेपाल विद्युत प्राधिकरण रुकुम पूर्व वितरण केन्द्र रुकुमकोट | | ९,७८,४४५.४८ |
| | | | | जम्मा | ६९९२६५९।३२ |

सैद्धान्तिक बेरुजु

२४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४५,५६,५१,८६७.६४ | ५७,६८,७३९.६३ | १.२६% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भुमिकर/मालपोत | ८,००,०००.०० | १३,१८,३८४.५६ | १६४.८ |
| वहाल कर | ४४,०००.०० | ८३,०२२.०३ | १८८.६९ |
| वहाल विटौरी कर | ५,५००.०० | ० | ० |
| अन्य मनोरञ्जन कर | ३,३००.०० | ० | ० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ७१,५००.०० | ३७,७२७.०० | ५२.७७ |
| अन्य कर | ४,००,०००.०० | १,३०,६५७.८९ | ३२.६५ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ७,००,०००.०० | १,०५,०००.०० | १५ |
| न्यायिक दस्तूर | ५,५००.०० | ३,८१०.०० | ६९.२७ |
| परीक्षा शुल्क | १,३७,५००.०० | १,१०,०००.०० | ८० |
| अन्य प्रशासनिक सेवा शुल्क | ४,५५,०००.०० | ५,३०,२०५.०० | ११६.५३ |
| पार्किङ्ग शुल्क | १०,०००.०० | ० | ० |
| नक्सापास दस्तुर | २,७५०.०० | ० | ० |
| सिफारिश दस्तुर | १३,००,०००.०० | १४,७१,६१५.०८ | ११३.२ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १,३७,५००.०० | ४,५६,४०६.६९ | ३३१.९३ |
| नाता प्रमाणित दस्तुर | ७१,५००.०० | २६,६००.०० | ३७.२ |
| अन्य दस्तुर | ४,३७,५००.०० | ४१,१६२.०० | ९.४१ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,३३,०००.०० | ४५,५००.०० | १९.५३ |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ३३,०००.०० | १५,०००.०० | ४५.४५ |
| अन्य राजस्व | ११,३०,५००.०० | २,८३,२४३.७१ | २५.०५ |
| व्यवसाय कर | २,५९,५००.०० | ३,५४,२७५.०० | १३६.५२ |
| बेरूजू | ७,१६,०३४.०० | ७,५६,१३०.६७ | १०५.६ |
| जम्मा | ६९५३५८४ | ५७६८७३९।६३ | ८२.९६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर सङ्कलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गर्नुपर्दछ । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ

मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **मालसामानको उपयोग**

गोश्वारा भौचर नम्बर २,मिति २०७९।६।११ मा एन जि बायोमेडबाट मिनिल्याब संचालनका लागि डिजिटल माटो परीक्षण मेशिन लगायतका सामाग्री खरिद गरी रु.६,७८,२४५। खर्च लेखिएकोमा खरिद सामाग्रीहरु भण्डारमा मौज्दात रहेको पाईयो । स्वीकृत कार्यक्रम बमोजिम खरिद गरिएका मालसामानको उपयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **ब्याकहो लोडर मर्मत खर्च तथा वीमा दाबि**

यातायात व्यवस्था ऐन,२०४९ को दफा १४८ (१)मा सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम वीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाको नाममा दर्त्ता कायम भएको रा १ ग २९ नम्बरको व्याकु लोडर दुर्घटना परेको जनाई मर्मत खर्च बापत मनकामना हेभी इक्युपमेण्ट प्रा.लिलाई रु. १२३६९१५।६८ भुक्तानी दिएको देखियो। दुर्घटनामा परेको प्रहरी मुचुल्का, वीमा गरेको कागजात लेखापरीक्षणको क्रममा पेश हुन आएन। उक्त व्याकहो लोडरको पालिकाबाट वीमा गरी खर्च जनाएको भए दुर्घटनाबाट भएको क्षतिको शोधभर्ना लिनु पर्ने तथा सवारी साधन तथा मेशिन उपकरणको बीमा गरी क्षतिलाई न्यूनिकरण गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **सवारी साधनको नविकरण**

यातायात व्यवस्था ऐन,२०४९ को दफा ३१ (१)मा सवारी दर्त्ता प्रमाण पत्रमा लेखिएको म्याद नाघेको तीन महिना भित्र दर्ताको प्रमाणपत्र नविकरण गराइ सक्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका सवारी समयमै नगरेको काररण रु.६२२००।०० जरिवाना भुक्तानी गरेको देखियो । जिम्मेवार पदाधिकारीले आफ्नो कार्यालयमा दर्ता कायम भएका सवारी साधन तोकीएको समयमा नविकरण नगरी जरिवाना लगेको कारण पालिकालाई थप व्यभार पर्न गएको देखियो । जिम्मेवार पदाधिकारीले आफ्नो कार्यालयमा दर्ता कायम भएका सवारी साधन हरु तोकिएको समयमै नविकरण गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६.२७ देखि ४७.५३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन ।न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा

सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **बीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा बीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ ।त्यस्तै नियम ११२(१)घ मा निर्माण व्यावसायीव्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको अवधि सम्म वीमा गराउनुपर्नेमा पालिकाले निम्न निर्माण कार्यको वीमाको व्यवस्था गरे पनि वीमा नगराई कार्य गरेको तथा योजनाको पुरै अवधीको वीमा गराएको छैन।निर्माण कार्यको वीमा नहुँदा निर्माण अवधिमा हुन सक्ने सम्भावित जोखिम वहन नहुने देखिन्छ। नियममा व्यवस्था भए अनुसार निर्माण कार्यको जोखिम वहन गर्नका लागी अनिवार्य वीमा गराउनु पर्दछ।

| सि.नं. | आयोजनाको नाम | सम्झौता रकम | कैफियत |
|---|---|---|---|
| १ | लामा लेख सडक निर्माण | १०५५०५९ | पुरा अवधी कभर नगरेको |
| २ | झारखोम खाल मसिना अरबाङ सडक निर्माण | १११४२६०.०४ | सम्झौतामा वीमाको प्रावधान राखी बीमा नगराएको |
| ३ | धर्मशाला लिवाङ चुङवाङ सडक | १४४०२४५.८५ | सम्झौतामा वीमाको प्रावधान राखी बीमा नगराएको |
| ४ | दोमही कुचिबाङ सडक | १५९५६८९।९८ | सम्झौता गरे भन्दा ढीला तथा पुरा अवधी कभर नगरेको |

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **कर कट्टी नभएको** (१३७ -):

आय कर ऐन,२०५८ को दफा ८८ (१) मा भुक्तानी भएको रकममा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) मा बीसहजार रुपैयाँ भन्दा बढीको सेवा खरिद गर्दा अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लोटस कम्प्यूटर्सलाई कम्प्यूटर तथा प्रिन्टर्स खरिद मर्मत बापत रु.१५०००० भुक्तानी दिएको देखियो । उक्त भुक्तानी भएको रकममा १५ प्रतिशत कर रकम रु.२२५००.०० कट्टी नगरी भुक्तानी गरेको देखिएकाले कर कट्टी गर्नु पर्ने रु...

| असुल गर्नुपर्ने | २२,५०० |
|---|---|

३५ **बील भरपाई पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने तथा नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले सोनी ट्रेडर्स एण्ड साउण्ड सर्भिसलाई रु.१२७६००।०० भुक्तानी भएकोमा खर्च पुष्टाई गर्ने सम्बन्धितको बिल पेश गर्नुपर्ने रु...

| प्रमाण पेश नगरेको | १,२७,६०० |
|---|---|

३६ **बढी भुक्तानी**

रुकुम पूर्वको स्वीकृत जिल्ला दररेट अनुसार बालुवा ढुवानी प्रति घ.मी. रु.२००० तोकिएको छ । पालिकाले युद्ध स्मारिका निर्माण उपभोक्ता समितिलाई प्रति ट्याक्टर रु.५००० का दरले ३ ट्याक्टरको रु.१५००० भुक्तानी गर्नु पर्नेमा रु.३६००० भुक्तानी दिएको

देखिएकाले बढी भुक्तानी भएको रु.२१००० सम्बन्धितबाट असुल गर्नु पर्ने रु...

| असुल गर्नुपर्ने | २१,००० |
|---|---|

३७ **नेपाल राष्ट्रिय मा.बि.,वडा नं.९,चुन्वाङको भवन निर्माण कार्य**

३७.१ नेपाल राष्ट्रिय मा.बि.,वडा नं.९,चुन्वाङको भवन निर्माण कार्यका लागि विद्युतीय बोलपत्रका माध्यमबाट छनौट भएका हरिभक्त निर्माण सेवा उद्योगसँग २०७९।८।१७ मा रु.९४,४७,३८३।४१ (मु.अ.कर समेत ) सम्झौता भएकोमा रु.९४,६०,००८। को कार्यसम्पन्न भएकोमा गोश्वारा भौचर नम्बर ११,१७,५० र ९४ बाट कन्टिनजेन्सी रकम समेत गरी रु.९९,००,०००। खर्च लेखिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्

| सैद्धान्तिक बेरुजु |
|---|

३७.२ प्रमाण पेश नगरेको ः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई प्रोभिजनल सममा समावेश गरी ल्याब टेस्ट बापत रु.१५,०००। ,बीमा बापत रु.५५,०००। र स्वास्थ्य तथा सुरक्षा सामाग्री बापत रु.१५,०००। गरी रु.८५,०००। भुक्तानी भएकोमा भौचरसाथ संलग्न नगरेको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ८५,००० |
|---|---|

३७.३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । विद्यालयले बिल अफ क्वान्टिटी तयार गर्दा एवं नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा विद्युतीय कार्यमा ४ प्रतिशत रकम बापत एकमुष्ठ रु.२,८०,०००। उल्लेख गरी भुक्तानी गरेको छ । विद्युतीय कार्य बापत आईटमवाईज परिमाण र रकम खुल्ने गरी बिल अफ क्वान्टिटी तयार गरी सोही आधारमा नापी किताब तयार गरेर वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्नेमा एकमुष्ठ रकम उल्लेख गरी भुक्तानी दिएको कार्य नियम संगत देखिएन । निर्माण व्यवसायीलाई वास्तविक कार्यसम्पादनका आधारमा मात्र रकम भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७.४ नापी किताब

प्राविधिकले निर्माण कार्यको नापी किताब तयार गर्दा स्वीकृत मलेप फाराममा उल्लेखित ढाँचा बमोजिम तयार गर्नुपर्दछ । अन्तिम नापी किताबमा हालसम्म सम्पादित कामको परिमाण र रकम खुल्ने गरी नापी किताब तयार गर्नुपर्नेमा पछिल्लो बिलमा गरेको कामको परिमाण र रकम खुल्ने गरी नापी किताब तयार गरेको छ । कार्यसम्पन्न प्रतिवेदनमा अन्तिम बिलसम्म सम्पादित कामको परिमाण र रकम खुल्ने गरी तयार गरेकोमा अन्तिम नापी किताबमा अद्यावधिक काम, अघिल्लो बिलसम्म सम्पादित काम र यस बिलमा सम्पन्न काम देखिने गरी तयार नगरेकाले स्वीकृत मलेप फाराम बमोजिमको ढाँचामा नापी किताब तयार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **निरर्थक खर्च**

भुमे गाउँपालिका, वडा नं.५, बालुवाबाट बालुवा संकलन तथा निकासी गरी राजश्व संकलन गर्ने कार्यका लागि रु.६,७८,६२७। न्युनतम अंक निर्धारण गरी सोको लागि २०७९।९।१४ र २०७९।१०।११ मा आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा सुचना प्रकाशन गरेकोमा कुनै पनि बोलपत्र नपरेको पाईयो । उक्त कार्यका लागि सूचना प्रकाशन बापत गो.भौ.नं.२३,०८०।१।१० बाट कान्तिपुर

मिडिया सर्भिसलाई रु.१,३६,४४८। र गो.भौ.नं.४८,०८०।१।१० बाट आर आर एड मिडियालाई रु.१,७२,०४२। गरी रु.३,०८,४९०। खर्च भएकोमा उक्त सूचना प्रकाशनमा गरिएको खर्च निरर्थक देखियो ।

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **पूर्वनिर्धारित क्षतिपूर्ति** (२३-२०७९-११-८):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता,परामर्शदाता,सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । फेब्रिकेटेड स्टील पार्टस आपूर्ति कार्यका लागि एस के इन्जिनियरिङ इन्डष्ट्रिजसँग ०७८।१२।२ मा भएको सम्झौता अनुसार ०७९।३।२ सम्म मालसामान आपूर्ति गरिसक्नु पर्ने गरी रु.२३,५५,८४०। मा सम्झौता भएकोमा मिति ०७९।९।२७ मा सामान आपूर्ति भएको हुँदा सम्झौता अनुसार ढिला भएको ६ महिना अवधिको पूर्वनिर्धारित क्षतिपूर्ति रु.२१२०२५। असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,१२,०२५ |
|---|---|

४० **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**

४०.१ पाँच शैयाको चुनवाङ अस्पताल निर्माणका लागि निर्माण व्यवसायी प्राकृतिक रिभिट जे.भी.सँग २०७८।३।२५ मा २०८०।३।२५ भित्र कार्यसम्पन्न गर्ने गरी रु.६,९५,०६,३०६।९९ (मु.अ.कर समेत ) मा सम्झौता भएकोमा यस बर्षसम्म पेश्की समेत गरी रु.५,३६,६३,९८०।८९ भुक्तानी भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् ः

| सैद्धान्तिक बेरुजु |
|---|

४०.२ धरौटी कट्टी नगरेको ः

सार्वजनिक खरिद नियमावली,२०६४ को १२३(४) मा कार्यालयले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । गोश्वारा भौचर नम्बर ३–०७९।७।२२ र ५–०७९।११।१५ बाट दोश्रो रनिङ बिलको रु.२,२४,९६,९६५। र तेश्रो रनिङ बिलको रु.९९,४४,३६७। गरी रु.३,२४,४१,३३२। को भुक्तानी गर्दा ५ प्रतिशतले हुने रु.१६,२२,०६६। धरौटी कट्टा नगरी भुक्तानी गरेको हुँदा सम्बन्धित निर्माण व्यवसायीबाट उक्त रकम असुल गर्नुपर्ने रु.१६२२०६६।

| असुल गर्नुपर्ने | १६,२२,०६६ |
|---|---|

४०.३ ननफाईलर

स्थायी लेखा नम्बर ६१६०५४२०२ का निर्माण व्यवसायी प्राकृतिक रिभिट जे.भी.लाई गोश्वारा भौचर नम्बर २–०७९।७।२२ बाट गत आ.ब.को पेश्की फछर्यौट गर्दा मु.अ.कर रु.११,७०,०००।, भौचर नम्बर ३–०७९।७।२२ बाट मु.अ.कर रु.१४,१८,१४६।५२ र भौचर नम्बर ५–०७९।११।१५ बाट मु.अ.कर रु ११,४४,०४२।३० समेत गरी रु. ३७,३२,१८८। मा ३० प्रतिशत कट्टा गरी भुक्तानी गरिएकोमा उक्त निर्माण व्यवसायी आन्तरिक राजश्व विभागको पोर्टलमा सर्च गर्दा मिति २०७८।३ देखि ननफाईलर देखिएको हुँदा मु.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३७,३२,१८८ |
|---|---|

४०.४ म्याद थप

निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार २०८०।३।२५ मा कार्य सम्पन्न गरिसक्नुपर्नेमा कार्यपालिकाको निर्णयबाट २०८०।८।२९ सम्म म्याद थप भएको छ । संशोधित कार्यतालिका बमोजिम समयमै कार्यसम्पन्न गराउन कार्यालयले प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **सम्झौता र कार्यसम्पादन**

४१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष सम्झौता गरी खरिद कार्य गराएको देहायका निर्माण कार्यमा स्वीकृत सम्झौता भन्दा घटी लम्बाईको कार्य मै सम्झौता अनुसारको भुक्तानी गरेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

| आयोजनाको नाम | निर्माण व्यावसायिको नाम | सम्झौतामा उल्लेखित परिमाण | बास्तबिक कार्यसम्पादन | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| खुचिबाङ सिमखोला लवाङ सडक निर्माण | सन्तोष निर्माण सेवासँग | १८९० मिटर<br>Hard rock -२.१८ %<br>Ordinary rock -३.८९ %<br>All types of soil – ९३.९२ %<br>जम्मा २२८२२.५० घ.मि. | १३१२ मिटर<br>Hard rock -१२.७३ %<br>Ordinary rock -१६.१० %<br>All types of soil – ७१.१७ %<br>जम्मा २६०११.८३ घ.मि. | १११४२६०.०४ | चौडाइ र उचाई बढेको जनाई ५७८ मिटर घटी परिमाण |
| झरखोम खाल मसिना अरवाङ सडक निर्माण | यमुना निर्माण सेवा एण्ड सप्लायर्स | ११९० मिटर<br>Hard rock -०.७५ %<br>Ordinary rock -०.७५ %<br>All types of soil – ९८.४६ %<br>जम्मा ११९९७.५ घ.मि. | ८९० मिटर<br>Hard rock - %<br>Ordinary rock - %<br>All types of soil – %<br>जम्मा घ.मि. १२०१३.८५ | १११४२६०.०४ | चौडाइ र उचाई बढेको जनाई ३०० मिटर घटी परिमाण |
| धर्मशाला लावाङ चुङवाङ सडक | दिपक कन्स्ट्रकसन एण्ड सप्लायर्स | १३२० मिटर<br>Hard rock -०.६८ %<br>Ordinary rock -०.७१ %<br>All types of soil – ९८.७१ %<br>जम्मा १२१४० घ.मि. | ५१० मिटर<br>Hard rock -३२.९४ %<br>Ordinary rock -३३.५३ %<br>All types of soil – ३३.५३ %<br>जम्मा घ.मि. १२६१९.५० | १३९२४७० | चौडाइ र उचाई बढेको जनाई ८१० मिटर घटी परिमाण |
| कुचीवाङ सीमखोला लावाङ सडक | प्रिज्म कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा लि | १०३० मिटर<br>Hard rock -१.९२ %<br>Ordinary rock -२.९३ %<br>All types of soil – ९५.१४ %<br>जम्मा घ.मि. ८०५५ | ६१४ मिटर<br>Hard rock -२२.२० %<br>Ordinary rock -१२ %<br>All types of soil – ६६ %<br>जम्मा घ.मि. ८५५७.१८ | ७७५३१९ | चौडाइ र उचाई बढेको जनाई ४१६ मिटर घटी परिमाण |

सैद्धान्तिक बेरुजु

४१.२ **भेरिएशन:** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरियशन आदेश जारी गर्न सक्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा भेरियशन जारी गर्दा प्राविधिक पुष्टाई समेत पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सुरु लागत अनुमानको तुलनामा उचाई र चौडाई बढ्न गएको जनाई तोकएको लम्बाईको सडक कटिङ नहुँदा चेनेजको पुरा कार्य गरेको देखिएन।

उल्लेखित बढ्न गएको उचाई र चौडाई तथा घट्न गएको लम्बाईको सम्बन्धमा प्राविधिक पुष्टाई सहितको भेरियशन स्वीकृत गरेको देखिएन । उचाई र चौडाइ बढेको स्पष्ट गरी भेरियशन स्वीकृत गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१.३ **घटी मिटरमै सम्झौता अनुसारको कार्य :** जुन स्थानमा जुन काम गर्न ठेक्का लगाएको हो सोहि स्थानमा सोहि काम मात्र गर्नुपर्दछ । कार्यालयले ठेक्कामा लागत अनुमान तयार गर्दा उल्लेखित चेनेज कटिङ काम गर्ने गरी लागत अनुमान स्वीकृत गरी खरिद सम्झौता गरेकोमा सो चेनेजमा उचाई तथा चौडाइ बढेको जनाई निर्माण व्यवसायीलाई सम्झौतामा उल्लेखित मिटरको परिमाण कै भुक्तानी गरेको देखियो। उल्लेखित चेनेजहरुको कार्य गराउँदा उचाई तथा चौडाइ बढेको कुनै ड्रइङ डिजाइन बेगर नापजाँच गरेको आधारमा सम्झौतामा उल्लेखित मिटर भन्दा घटी सडक कटिङ सम्बन्धि कार्य गराएको उपयुक्त देखिएन ।खरिद सम्झौतामा उल्लेख भए भन्दा बढीको चौडाई र उचाईको कार्य गर्नुको प्राविधिक पुष्टाई समेत नगरी गरेको कार्य नियम संगत देखिदैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

### ४२ कुचिबाङ सिमखोला लवाङ सडक

कुचिबाङ सिमखोला लवाङ सडक निर्माण कार्य गर्न सन्तोष निर्माण सेवासँग मिति २०७९।०७।२१ मा रु. २१ लाख ८७ हजारमा मिति २०७९।०९।२० मा अर्थात २ महिनामा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको देखियो । सम्झौता अनुसार मिति २०७९।१२।१० मा अन्तिम बिलसम्म रु. २६ लाख १२ हजार ५३४।४४ मूल्य अभिवृद्धि कर पेश्की समेत भुक्तानी गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्:

४२.१ **म्याद थप वेगर भुक्तानी :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ । कुचिबाङ सिमखोला लवाङ सडक निर्माण कार्यको मिति २०७९।०७।२१ मा २ महिना भित्र अर्थात मिति २०७९।०९।२० मा कार्य सम्पन्न गर्नु पर्नेमा उक्त कार्यको अन्तिम विल भुक्तानीका लागि २०७९।१२।२२ मा भुक्तानीको लागि निवेदन दिएको र पालिकाबाट मिति २०७९।११।२७ मा मूल्याङ्कन गरी गो.भौ.नं १५-२०७९।१२।३० बाट अन्तिम बिलको रु.२१७४९७०।०० भुक्तानी गरेकोमा म्याद वेगरको भुक्तानी अनियमित देखिएको रु...

| अनियमित भएको | २१,७४,९७० |
|---|---|

४२.२ (३१४-२०८०-३-२४):

**पेश्की कट्टी नगरी अन्तिम बिलको भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) बमोजिम निर्माण व्यवसायीबाट सम्झौता बमोजिमको काम सम्झौतामा उल्लेखित अवधि भित्र सम्पादन नगरेको कारणले पेश्की फर्स्योट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिम बैंक जमानतको रकम सम्बन्धित बैंकवाट प्राप्त गरी पेश्की फर्स्योट गरी पेश्की रकमको दश प्रतिशत व्याज समेत असुल गर्नुपर्ने व्यवस्था छ। बोलपत्र सम्बन्धी कागजात अनुसार निर्माण व्यवसायीसँग भएको सम्झौता रकमको ३० प्रतिशत भुक्तानी भए पछि प्रत्येक रनिङ बिलबाट पेश्की रकमको न्यनतम २० प्रतिशतका दरले कट्टी गर्नु पर्ने र ८० प्रतिशत कार्य हुँदा सम्पूर्ण पेश्की कट्टी भैसक्नु पर्ने उल्लेख छ ।पालिकाले गो.भौ.नं १५-२०७९।०७।२४ बाट रु.२१८७८२।२२ र १५-२०७९।०८।२१ बाट रु.२१८७८२।२२ समेत जम्मा रु.४३७५६४।४४ पेश्की दिइएको दिएको देखियो। गो.भौ.नं १५-२०७९।१२।३० बाट अन्तिम विलको रु.२१७४९७०।०० भुक्तानी गर्दा नियमानुसार पेश्की कट्टी नगरी भुक्तानी गरेको देखिएकाले पेश्की रकम र सोको व्याज समेत हिसाब गरी पेश्की असुल हुनु पर्ने रु...

| असुल गर्नुपर्ने | ४,३७,५६५ |
|---|---|

४३ **ननफाईलर**

४३.१ झुम्लाबाङ क्याङ्सी गाबाङ काँक्री सडक निर्माणका लागि सन्तोष निर्माण सेवा,रुकुमलाई गोश्वारा भौचर नम्बर २८, मिति ०८०।१।२० बाट रु.२,९७,४३३।५० मूल्य अभिवृद्धि कर भुक्तानी गरिएकोमा आन्तरिक राजश्व विभागको अनलाईन पोर्टल अनुसार उक्त निर्माण व्यवसायी (स्थायी लेखा नम्बर ३०२८२२०५६ ) २०७९।९ देखि ननफाईलर पाईएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट जारी भएको कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९७,४३३ |

४३.२ रानीबास कुईपा सडक निर्माणका लागि सन्तोष निर्माण सेवा,रुकुमलाई गोश्वारा भौचर नम्बर १०, मिति ०७९।९।२० बाट मूल्य अभिवृद्धि कर रु.३,४१,७२९। समेत रु.२९,९८,५३९। भुक्तानी गरिएकोमा आन्तरिक राजश्व विभागको अनलाईन पोर्टल अनुसार उक्त निर्माण व्यवसायी (स्थायी लेखा नम्बर ३०२८२२०५६ ) २०७९।९ देखि ननफाईलर पाईएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट जारी भएको कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४१,७२९ |

४४ **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म हुने हानि नोक्सानीको बीमा गराउनुपर्ने व्यवस्था छ । सिमचौर आधारभुत विद्यालय भवन निर्माण कार्यका लागि हरीभक्त निर्माण सेवा उद्योगसँग ०७९।८।२१ मा रु.६५,२१,४४१। मा सम्झौता भएकोमा बिल अफ क्वान्टिटीमा बीमा बापत रु.७०,०००। उल्लेख भएकोमा निर्माण व्यवसायीले बीमा गराएको पाईंएन । निर्माण व्यवसायीलाई त्रुटी सच्याउने अवधिसम्मको बीमा गर्न लगाई हानि नोक्सानीको जोखिम न्यूनीकरण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५ **परामर्श सेवा खरिद**

४५.१ चिस्यान केन्द्र निर्माण डिपिआर

चिस्यान केन्द्र निर्माणको डिपिआर तयारी बापत गोश्वारा भौचर नम्बर २२,मिति ०८०।१।१० बाट प्रोसेस इन्जिनियरिङ्ग सर्भिस प्रा.लि.लाई रु.१५,४४,४५२। खर्च लेखिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ः

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५.२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७६ मा परामर्श सेवाको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा मूल्यांकन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै रुपमा नियम ७१(६) मा उल्लिखित आधार बमोजिम मूल्यांकन गरी प्रस्तावदाताले प्राप्त गरेको अंक यकिन गर्नुपर्ने र मूल्याँकन समितिले प्रत्येक सदस्यले प्रदान गरेको अंक गणना गरी औसत अंक निकाल्नु पर्ने व्यवस्था छ । यस पालिकाले परामर्शदाता छनौट गर्दा ३ जना मूल्यांकनकर्ताले एकै पानामा प्राविधिक प्रस्तावको मूल्यांकन गरी अंक प्रदान गरेको पाईयो । नियमको पालना गरी खरिद कारवाही संचालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५.३ पूर्वनिर्धारित क्षतिपूर्ति ः

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता,परामर्शदाता,सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । उक्त परामर्शदातासँग ०७९।७।१ मा भएको सम्झौताको बुँदा नम्बर ८.१ मा समेत सोही बमोजिम पूर्वनिर्धारित क्षतिपूर्तिको व्यवस्था उल्लिखित छ । उक्त परामर्शदातासँग ०७९।७।१ मा ३ महिनाभित्र कार्य सम्पन्न गर्नुपर्ने गरी रु.१५,४४,७५२। मा सम्झौता भएकोमा दाखिला प्रतिवेदन नम्बर ११२ अनुसार ०७९।११।१४ मा प्रतिवेदन दाखिला भएको हुँदा ढीला अवधिको रु.३४,७५६। पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,७५६ |

४५.४ चिस्यान केन्द्र निर्माणका लागि परामर्शदाताबाट मु.अ.कर, कन्टिनजेन्सी र पि.ए.समेत रु.७,२३,१०,१४८। को परियोजना लागत अनुमान तयार गरी डिपिआर रिपोर्ट तयार गरेकोमा उक्त प्रतिवेदनको कार्यान्वयन भएको पाईएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ४६ डिपीआर तथा परामर्श खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयन गर्नु पर्दछ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत लागत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| सडक यातायात गुरुयोजना | ग्रोथ साइन इन्जिनियरिङ सर्भिस प्रा.लि. | ११९५७२१ | ११५३७३० | ५,७०,४,६०,२१,००० | कार्यान्वयन नभएको |
| चिस्यान केन्द्र निर्माणको लागि विस्तृत परियोजना निर्माण | प्रोसेस ईन्जिनियरिङ्ग सर्भिस प्रा. लि. | १७४९११८ | १५४४४५२।९६ | ५९४७१९४० | कार्यान्वयन भएको |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ४७ गाउँपालिकाको संस्थागत क्षमता स्व- मूल्याङ्कन

यस गाउँपालिको संस्थागत क्षमता स्व: मूल्याङ्कन ( LISA) को नतिजा ,२०७९ अनुसार १० सुचक क्षेत्रका १०० अंकमा ७२.२५ प्रतिशत अंक प्राप्त गरेको देखियो । उक्त मूल्याङ्कन अनुसार शासकिय प्रवन्ध, बार्षिक बजेट योजना, वित्तीय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन लगायतका क्षेत्रमा उल्लेखिय प्रगति देखिएतापनि भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण तथा सहकार्य र समन्वय लगायतका क्षेत्रमा भने औषत भन्दा कम अंक अर्थात कम्जोर नतिजा देखिएको छ। योजना छनोट र प्राथमिकिकरण ,दिगो भैतिक पूर्वाधारको विकास ,शिक्षा ,स्वास्थ्य र रोजगारीमा पहुँच अभिवृद्धि गर्दै सबै क्षेत्रवीच प्रभावकारी समन्वय र सहकार्य मार्फत स्रोत साधनको परिचालन गरी गाउँपालिकाको समग्र क्षेत्रमा सुधार ल्यायने रणनीति अवलम्बन गरिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। पालिकाले रेडियो पूर्वी रुकुमलाई भबन निर्माण कार्य गरेको जनाई रु.९७७५१९।०० भुक्तानी दिएको देखियो । नाफामुलक संस्थालाई गत विगत वर्ष देखि अनुदान दिदैँ आएकोमा लेखापरीक्षण प्रतिवेदनले दिएको सुझाब समेत पालना गरेको छैन । यसरी नियम विपरित नाफामुलक संसथालाई दिइएको अनुदान नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ९,७७,५१९ |

४९ **थ्रेसर खरिद**

४९.१ सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गहुँ पेल्ने थ्रेसर मेसिन खरिद कार्यको तीन वटा फर्मबाट दर रेट समेत नलिएको तथा आधिकारीक विक्रेताबाट खरिद नगरी प्रतिक्षा आई. सि. बहुसेवा कम्पनीबाट रु.४५००००/- खरिद गरेको देखियो । वारेण्टी ग्यारेण्टी खुल्ने प्रमाण पत्र समेत लिएको नदिएकाले उक्त खरिद कार्य नियमित देखिएन ।खरिद कार्य गर्दा लागत अनुमान स्वीकृत गरी आधिकारीक विक्रेताबाट वारेण्टी ग्यारेण्टी तथा छुट समेत लिई खरिद कार्य गरिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९.२ (११८-२०८०-३-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा कुनै प्रकारवाट प्राप्त हुन आएको सम्पत्ति वा जिन्सी मालसामानको मूल्य समेत खुलाई आम्दानी बाध्नुपर्ने व्यवस्था छ ।पालिकाले प्रतिक्षा आई. सि. बहुसेवा कम्पनीबाट खरिद गरेको रु.४५०००० को ३५ एच.पि. थ्रेसर मेसिन जिन्सी दाखिला नगरेको तथा उक्त मेशिन प्रयोग गर्ने कृषक समूलाई हस्तान्तरण गरेको फारम समेत नभएकोले पालिकाले आम्दानी जनाएको जिन्सी दाखिला र हस्तान्तरण फारम सञ्चालन तथा व्यवस्थापन जिम्मेवारी खुल्ने सम्बन्धित कृषि समूहको निर्णय पेश गर्नु पर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

५० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई औसत ९८ दिनले ६८७० दिन रोजगारी उपलव्ध गराई रु.३९६३९९०/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **दोहोरो भत्ता भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले उद्यम विकास सहजकर्ताहरु सहायक चौथो विकास गौतम र सपना बुढा मगरलाई दोहोरो पोशाक भत्ता भुक्तानी गरेको हुँदा जनही रु.१००००/- बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

५२ **लागत सहभागिता नगराएको**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४१(२) बमोजिम उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराउँदा कम्तीमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले अल्लो धागो कटाई तथा कपडा बुनाई तालिम संचालन गरी घरेलु लघु उद्यम समुहलाई सिलाई मेसिन लगायत रु.१९८९९३/- बराबरको प्रविधि हस्तान्तरण गरेकोमा निर्देशिकाको व्यवस्था बमोजिम २० प्रतिशत लागत सहभागिता गराएको पाइएन । पालिकाले २० प्रतिशत सहभागिताको रकम सम्बन्धित समुहबाट असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,७९९ |

५३ **सेनिटरी प्याड**

सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ को उपदफा ४ बमोजिम स्थानीय तहले अनुसूची १ मा उल्लेख गरिए बमोजिमको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.३६०६४०/- मा ५१५२ प्याकेट सेनिटरी प्याड खरिद गरेकोमा आपूर्तीकर्ताबाट प्राप्त भएको सेनिटरी तोकिएको कार्यविधिले तोकेको गुणस्तर र स्पेशिफिकेसन अनुसार भएको नभएको भन्ने सम्बन्धमा आपूर्तीकर्ताबाट कुनै पनि प्रकारको गुणस्तर सम्बन्धी कागजात पेश गर्न लगाएको र सो अनुसारको सेनिटरी प्याड प्राप्त भएको भनी परीक्षण गरेको पाइएन । महिला स्वास्थ्यका हिसाबले संवेदनशिल सेनिटरी प्याडको परीक्षण नगर्दा तोकीए भन्दा कमसल गुणस्तरको सेनिटरी प्याडको उपयोग हुन गई स्वास्थ्यमा गम्भिर असर पर्न जाने जोखिम रहन्छ । पालिका सेनिटरी प्याड खरिद गर्दा कार्यविधिले तोकेको बमोजिमको गुणस्तर र स्पेशिफिकेसन बमोजिमको प्याड आपूर्ती भएको सुनिश्चित गर्न आपूर्तीकर्ताबाट गुणस्तर सम्बन्धी कागजात माग गर्नुका साथै सो बमोजिम भए नभएको यकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **शैक्षिक कर्जा**

भुमे गाउँपालिका शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका, २०७७ को परिच्छेद ४ शैक्षिक ऋणको सीमा र शर्तहरुको बुँदा नं. ४.३ बमोजिम स्वीकृत शैक्षिक ऋण रकम एकमुष्ट वा किस्तामा सम्बन्धित शिक्षण संस्थालाई उपलब्ध गराउने व्यवस्था छ । पालिकाले देहायका विद्यार्थीहरुलाई ऋण उपलब्ध गराएकोमा निर्देशिका बमोजिम शिक्षण संस्थाको खातामा रकम जम्मा गर्नुपर्नेमा सम्बन्धित विद्यार्थीको खातामा रकम जम्मा गरेको नियमसम्मत नदेखिएको रु.

| विद्यार्थीको नाम | ऋण रकम |
|---|---|
| निराजन कामी | १५०००० |
| प्रचण्ड बुढा मगर | १००००० |

| | |
|---|---|
| अनियमित भएको | २,५०,००० |

५५ **नि:शुल्क पाठ्यपुस्तक**

पालिका यस वर्ष निशुल्क पाठ्यपुस्तक वितरणका लागि पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई निकासा दिएकोमा नमुना परीक्षण गर्दा देखिएको व्यहोराहरु :

५५.१ **बढी निकासा :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ को ३.१ मा IEMIS अनुसार प्रविष्टि तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याको आधारमा कक्षा ११ र १२ को हकमा प्रथम त्रैमासिक र अन्य कक्षाको हकमा तेस्रो त्रैमासिक भित्र विद्यालयहरुलाई निकासा दिने, यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत मात्र निकासा दिने र विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरणको भर्पाइको आधारमा मात्र नपुग रकम थप २५ प्रतिशतबाट निकासा दिन सकिने व्यवस्था छ । पालिकाले अनुसूचीमा उल्लेख भए बमोजिमका विद्यालयहरुलाई ७५% प्रतिशत निकासा दिए पश्चात नपुग रकम थप २५% निकासा दिँदा विद्यार्थी भर्ना भएको विवरण समेतलाई आधार लिई थप निकासा दिनुपर्नेमा सो नगरेको कारणबाट बढी रकम रु.१७४१९७/- निकासा हुन गएको पाइयो । बढी निकासा हुन गएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७४,१९७ |

५५.२ **बिल भरपाई पेश गर्नुपर्ने :** पालिकाले देहायका विद्यालयहरुलाई निशुल्क पाठ्यपुस्तक वितरणका लागि रकम निकासा दिएकोमा विद्यालयहरुले पाठ्यपुस्तक खरिदको बिल र वितरण गरेको भरपाई पेश गरेको पाइएन । पालिकाले विद्यालयहरुले पुस्तक खरिद गरेको बिल र वितरण गरेको भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने देखिएको रु.

| क्र.स. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १. | नेपाल राष्ट्रिय मा वि चुनवाङ | ६२४९४ |
| २. | सिद्धचौर मा वि लुकुम | २५३३४ |
| ३ | जनजागृती मा वि महत | २४२९७ |
| ४ | चैतेछहरा आ वि पेदी धर्मशाला | ११७२६ |
| ५ | सन्नी आ वि गलमछिन्ने | ९१७३ |
| ६ | बालबिकास आ वि गोठीबाङ्ग | ७९६१ |
| ७ | जनता आ वि सेराबाङ | ५७५१३ |
| ८ | जनशक्ति मा वि काँडा | १६८३४१ |
| ९ | जनविकास आ वि तल्लोसाकिम | २५७९५ |
| १० | बराहा आ वि स्याला | ५४३१८ |
| ११ | बालज्योती आ वि दहबाङ | १३३४१ |
| १२ | जनचेतना आ वि खाम्दै | २९४०९ |
| १३ | नेपाल राष्ट्रिय आ वि कोर्जा | ९११११ |
| १४ | शहिद शुक्र मा वि सिमा | १७८८७१ |
| १५ | जनशक्ति आ वि झिम्का | १८३१९ |
| जम्मा | | ७७८००३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७८,००३ |

५६ **बढी दैनिक भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियमको नियम ७(४) बमोजिम कार्यालयमा पुगेको दिन र फर्केको दिनको दैनिक भत्ताको २५ प्रतिशत रकम भुक्तानी पाउने व्यवस्था छ । पालिकाले मिति २०८०।१।२५ देखि २०८०।१।२९ सम्म विभिन्न स्थानमा स्तन क्यान्सर, आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर र बाझोपन जस्ता समस्याको एकीकृत स्कृनिङ सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेकोमा देहायको कर्मचारीले पेश गरेको भ्रमण बील अनुसार दैनिक रुपमा शिविर सञ्चालन गर्न गई कार्यालयमै फर्किने गरेको देखिएकोमा दैनिक भत्ता रु.१६००/- को २५ प्रतिशतका दरले ५ दिनको दैनिक भत्ता भुक्तानी गर्नुपर्नेमा पुरै दैनिक भत्ता भुक्तानी दिएको हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| पद नाम | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी रकम |
|---|---|---|---|
| ज.स्वा.नि. संजिव खड्का | ८००० | २००० | ६००० |
| ज.स्वा.नि. उपेन्द्र यादव | ८००० | २००० | ६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

५७ **औषधी खरिद**

पालिकाले यस वर्ष सिलबन्दी एवं सोझै खरिद प्रक्रिया अवलम्बन गरी देहायबमोजिम रु.२९०३२१२/- को औषधी एवं सर्जिकल उपकरणहरु खरिद गरेको छ ।

| आपूर्तीकर्ता | रकम | खरिद विधि |
|---|---|---|
| चिराग फार्मेसी प्रा.लि. | ६७६९०८/- | सिलबन्दी दरभाउपत्र |
| चिराग फार्मेसी प्रा.लि. | ४९९९८२/- | सोझै खरिद |
| सानत्वना मेडिसीन सप्लायर्स | ९८४४८३/- | सोझै खरिद |
| कञ्चन मेडिको | ४४०९५८/- | सोझै खरिद |
| युनाइटेड मेडिको कन्सर्न | ३००८८१/- | सोझै खरिद |

यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् :

- पालिकाले विभिन्न स्वास्थ्य चौकीका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी सिलबन्दी दरभाउपत्र तथा सोझै खरिद विधिबाट विभिन्न आपूर्तीकर्ताबाट रु.२९०३२१२/- मूल्यका औषधी खरिद गरेको देखियो ।
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधिहरुमा नि:शुल्क वितरणका लागि भन्ने व्यहोरा उल्लेख नभएको ।
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधि तथा सर्जीकल उपकरणको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।

तसर्थ औषधिको खरिदको लागि भण्डारमा रहेको मौज्दात एवं मागमा आधारित योजना तर्जुमा गरी उचित मात्रामा औषधी खरिद गर्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८ **भौचर संलग्न गर्नुपर्ने**

पालिकाले संघीय सशर्त अन्तर्गतका विभिन्न कार्यक्रमहरु कृषकको ५० प्रतिशत लागतमा सहभागितामा सञ्चालन गरेकोमा कृषकको सहभागिता बापतको रकम सामग्रीहरु वितरण गर्दा सम्बन्धित कर्मचारीहरुले कृषकहरुबाट रु.२१६६०४/- नगदै बुझेकोमा सो रकम सम्बन्धित आपूर्तीकर्ता वा फर्मलाई बुझाएको भरपाई वा निजको बैंक खातामा दाखिला गरेको प्रमाण संलग्न रहेको पाइएन । कर्मचारीले नगदै बुझिलिएको रकम दाखिलाको प्रमाण पेश नुहँदा रकम दुरुपयोगको जोखिम रहने देखियो । पालिकाले आगामी दिनमा कृषक सहभागिताको रकम सम्भव भए सम्म सम्बन्धित कृषकबाट नै फर्मको खातामा जम्मा गर्ने व्यवस्था गर्नुपर्ने वा नगद लिएको रकम तत्काल नै सम्बन्धित फर्मलाई बुझाई सोको प्रमाण समेत संलग्न गरेरमात्र खर्च लेख्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५९ **नयाँ ओखर पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वियन म्यानुअल २०७७ को परिच्छेद ७ को बुँदा नं. ७.१ बमोजिम पकेटमा सञ्चालन हुने क्रियाकलाप अन्तर्गत सिचाईं पूर्वाधारमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ । गाउँपालिकाले सोही व्यवस्थाको अधिनमा रहि ७५ प्रतिशत अनुदान उपलब्ध गराउने गरी सम्झौता गरेकोमा कार्यसम्पन्न भए पश्चात देहायका कृषि फर्महरुलाई सम्झौतामा उल्लेख भए भन्दा बढी अनुदान उपलब्ध गराएको हुँदा बढी अनुदान रकम सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने देखिएको रु.

| सि.नं. | फर्मको नाम | मूल्याङ्कन रकम | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | डाँगी फलफूल तथा नर्सरी फर्म | ३०४७७३१ | २४१२१६ | २२८५४८ | १२६६८ |
| २ | नवीन बहुउद्देश्यीय कृषि फर्म | ३२१४७७ | २५५४९४ | २४११०८ | १४३८६ |

| असुल गर्नुपर्ने | २७,०५४ |
|---|---|

६० **निष्कृय खाता**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसूचि १० मा स्थानीय तह र बैंक बीच हुने सम्झौतापत्रको सि.नं मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पालिकालाई दिनुपर्ने उल्लेख छ तर बैंकले निष्कृय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन।पालिकाले समयमा नै यस्ता निष्कृय खाता र सो खाताहरुमा रहेका रकमहरुको विवरण बैकहरुसँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

६१ **सामाजिक सुरक्षा भत्ता रिफण्ड**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले नेपाल बैङ्क लिमिटेड र सिटिजन बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैङ्कलाई निकासा भएको रकममध्ये सिटिजन्स बैकबाट सामाजिक सुरक्षा भत्ता वितरण भई बाँकी रहेको रकम बेरुजु खातामा दाखिला भएको छ।त्यस्तै नेपाल बैङ्कमा पनि सामाजिक सुरक्षा भत्ता वितरण भई बाँकी मौज्दात रहेको देखिएकोले फिर्ता दाखिला गर्नुपर्ने रु.......४०२६४

| असुल गर्नुपर्ने | ४०,२६४ |
|---|---|

६२ **दोहोरो सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले चालु आ.व मा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नविकरणको लागि निवेदन दिनुपर्ने उल्लेख छ त्यसैगरी दफा ५ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र नियमावलीको नियम ९ बमोजिम लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने उल्लेख छ।यस पालिकाले लाभग्राहीको तथ्यांक अद्यावधिक नगराएको कारण देहायको अनुसूची बमोजिमको लाभग्राहीहरुको खातामा बैंकबाट प्राप्त चार चौमासिकको Reverse feed अनुसार दोहोरो भुक्तानी भएको देखिएको छ। विगत केही वर्षबाट बैकमा केही लाभग्राहीको दोहोरो बैक खाता रहेको कारण दोहोरो डिपोजिट भइरहेको कुरा पालिकाको पनि भनाई रहेकोले उक्त दोहोरो देखिएको रकम यकीन गर्नुपर्ने रु............४९४३२६

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९४,३२६ |

६३ **लगत कट्टाको अभिलेख**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक नगरेको कारण सामाजिक भत्ता दोहोरो पर्ने हुँदा पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **पारदर्शिता**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरी कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५ **नविकरण**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीको नविकरण गर्नु तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६६ **अनुगमन तथा निरीक्षण**

